नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड३१) काठमाडौं, कार्त्तिक १८ गते २०३८ साल (अतिरिक्ताङ्क ४४

श्री ५ को सरकार

मन्त्रिपरिषद् सचिवालयको

सूचना

कानून तथा न्याय मन्त्रालयका सचिव श्री ध्रुववर सिंह थापा संयुक्त राष्ट्र संघको वातावरण कार्यक्रमसम्बन्धी संगठनको तत्वावधानमा उरुग्वेको राजधानी मोन्टेभेडियोमा हुने वातावरणसम्बन्धी कानूनको बैठकमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नु भै सोही मन्त्रालयका सह-सचिव श्री हरिप्रसाद शर्मालाई मिति २०३८।७।७ देखि सचिव पदमा का. मु. मुकरर गरिएकोमा उहाँ पिताजीको अस्वस्थैताको कारणले बिदामा बस्नु भएकोले उक्त मन्त्रालयका सचिव र सह-सचिवहरू मन्त्रालयमा हाजिर नभएसम्मको लागि निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सो सचिव पदमा महान्यायाधिवक्ताको कार्यालयका वरिष्ठ सरकारी अधिवक्ता श्री केदारनाथ उपाध्यायलाई आफ्नो कार्यालयको काम-समेत सञ्चालन गर्ने गरी मिति २०३८।७।१८ देखि कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले–

भोगेन्द्रनाथ रिमाल

श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहद्वार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।